स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(प्रशासन शाखा)
लक्ष्मीनिया (दो.), रौतहट
मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:- ११०८

मितिः-२०८३/०२/२६

बिषयः-**कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाउने सम्बन्धमा** ।

श्री सेवा करारमा कार्यरत कर्मचारी (सबै),
फतुवा विजयपुर नगरपालिका, रौतहट ।

प्रस्तुत बिषयमा यस नगरपालिका अन्तर्गतका विभिन्न शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्था/सेवा केन्द्रमा कार्यरत सेवा करारका सबै कर्मचारीहरुले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको “करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८” को अनुसूची (१) बमोजिमको ढाँचामा आ.व. २०८२/०८३ को बाह्र महिना (२०८२ श्रावण १ गते देखि २०८३ असार ३२ गते सम्म) को कार्यसम्पादन मूल्याङ्कन फाराम दुई/दुई प्रति भरी म्याद थपका लागि २०८३ असार ७ गते सम्म तपसिलका कागजातहरु सहित प्रशासन शाखामा पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिलः

१. म्याद थपको निवेदन -१ थान
२. सम्बन्धित शाखा/वडा कार्यालय/स्वास्थ्य संस्था/सेवा केन्द्र प्रमुखको सिफारिस -१ थान
३. पछिल्लो सेवा करार सम्झौता पत्रको प्रतिलिपि -१ थान

२०८३/२/२६

२०८३/२/२६
भरत प्रसाद यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
श्री शाखा/वडा कार्यालय/स्वास्थ्य संस्था/सेवा केन्द्र (सबै), फतुवा विजयपुर नगरपालिका लक्ष्मीनिया (दो.), रौतहट
श्री सूचना प्रविधि शाखा, फतुवा विजयपुर न.पा. रौतहट, वेबसाइटमा अपलोड गरिदिनुहुन ।